# योजना तथा संस्थागत क्षमता विकास समितिको

# प्रतिवेदन

## २०७९ माघ

## सुशासन तथा संस्थागत क्षमता विकास समिति

रैनादेवी छहरा गाउँपालिका

पाल्पा

**पृष्ठभूमिः**

२०६२/६३ को सफल लोकतान्त्रिक आन्दोलनको मर्म र भावना बमोजिम २०७२ सल आश्विन ३ गते नेपालको संविधान जारी भयो। सङ्घीयता, समावेशिता, समाजबाद उन्मुख समतामूलक समाज स्थापना गर्ने यसका मूलभूत मान्यता हुन् र संविधान जारी भएपछि स्थानीय तह निर्वाचन, प्रदेश तह निर्वाचन, सङ्घीय तह निर्वाचनहरू सम्पन्न भई कार्यान्वयनमा आएका छन्। तिन तहका सरकारहरू मध्ये स्थानीय सरकार जनताको सबैभन्दा नजिकको आफ्नो सरकार हो भनेर स्थानीय जनताले बुझ्दछन् र हो पनि। सुशासन, पारदर्शिता, जबाफदेहिता लोकतान्त्रिक व्यवस्थाका सौन्दर्य हुन्।

रैनादेवी छहरा गाउँपालिकाले पनि ऐनमा भएको व्यवस्था अनुसार सोम बहादुर दर्लामीको संयोजकत्वमा सदस्यहरू सूर्य बहादुर कार्की, मुना दर्जी, रविलाल पोखरेल र कविता खनाल रहेको योजना तथा संस्थागत क्षमता विकास समिति २०७८/७९ को गाउँसभाको १३औं अधिवेशनले गठन गरेको हो।

गाउँपालिका काम, कर्तव्य र अधिकार बारे संविधानको अनुसूची ८ मा उल्लेख गरिएको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को उपदफा २ ले नगर प्रहरी गठन, सहकारी संस्था, स्थानीय कर, सेवा, शुल्क तथा दस्तुर, स्थानीय सेवाको व्यवस्थापन, स्थानीय तथ्याङ्क र अभिलेख व्यवस्थापन, स्थानीय आयोजना र परियोजना, आधारभूत र माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य र सरसफाई, स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता, स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र सिंचाइ, गाउँसभा/नगरसभा मेलमिलाप र मध्यस्थकर्ताको व्यवस्थापन, स्थानीय अभिलेख व्यवस्थापन, जग्गा धनी दर्ता प्रमाण पुर्जा वितरण, कृषि तथा पशुपालल, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी, जेष्ठ नागरिक, अपाङ्ग र अशक्तहरूको व्यवस्थापन, बेरोजगारहरूको तथ्याङ्क सङ्कलन, कृषि प्रसारणको व्यवस्थापन, सञ्चालन र नियन्त्रण, खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक उर्जा, विपद् व्यवस्थापन, जलाधार, वन्यजन्तु, खानी तथा खनीज पदार्थको संरक्षण, भाषा संस्कृति र ललित कलाको संरक्षण र विकास, स्वास्थ्य, विद्युत, खानेपानी तथा सिंचाइ जस्ता सेवाहरू, सामाजिक सुरक्षा र गरिबि निवारण, व्यक्तिगत घटना जन्म, मृत्यु, विवाहदर्ता, स्थानीय स्तर पुरातत्व, प्रचीन स्मारक र संग्रहालय संरक्षण, सम्बर्द्धन र पुनःनिर्माण, सुकुम्बासी व्यवस्थापन, प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी व्यवस्थापन, सवारी साधन अनुमति, भूमि व्यवस्थापन, सञ्चार सेवा, यातायात सेवा आदि रहेका सो अन्तर्गत रहेका छन्।

**अवस्थाः**

समिति गठन पश्चात बैठक बसी गाउँपालिकाको कार्य सम्पादनको प्रभावकारीताबारे अध्ययन, छलफल भइरहेको छ। यस गाउँपालिकाबाट प्रदान गरिने सेवाहरूको सम्बन्धमा सेवाग्रहीहरूलाई सहज तथा प्रभावकारी ढङ्गले सेवा उपलब्ध गराउनका लागि रैनादेवी छहरा गाउँपालिकाबाट प्रदान गरिने सेवाहरूको मापदण्ड तयार गरी कार्यपालिकामा पेश हुने चरणमा रहेको छ।

उक्त मापदण्डमा आधारित रहेर गाउँपालिकाले सार्वजनिक सेवा प्रवाह, सार्वजनिक सुनुवाई, जनशक्तिको क्षमता विकास, सेवाग्रही सर्भेक्षण सम्बन्धी कार्यहरू अगाडि बढाउन सक्नेछ । प्रदेश सरकारको सहयोगमा गाउँपालिकाको क्षमता विकास योजना निर्माण भइसकेको छ।

**सुझावहरू:**

- वार्षिक योजना तथा बजेट विनियोजन नियमित रुपमा कार्यान्वयन भएका छन् र थप प्रभावकारीताको लागि आवधिक तथा रणनीतिक योजना निर्माण गर्नुपर्ने।
- सेवा प्रवाहमा प्रभावकारीता ल्याउन आवश्यक मापदण्ड निर्माण गर्नु पर्ने।
- जनप्रतिनिधि तथा कर्मचारीहरूको क्षमता विकासको लागि आवश्यक तालिम तथा अन्य कार्यक्रमहरूको व्यवस्था गर्ने ।

**निष्कर्ष:**

यस गाउँपालिकाबाट नागरिकहरूलाई सुशासनको प्रत्याभूति दिलाउन विभिन्न रचनात्मक कार्यक्रमहरू पहिचान गरी कार्यान्वयन गर्दै लैजानु पर्ने देखिन्छ । पदाधिकारी तथा कर्मचारीहरूको लागि आवश्यक क्षमता अभिवृद्धि तालिम, नीति निर्माण जस्ता पक्षको पर्याप्त व्यवस्था हुन सकेमा सुशासन तथा संस्थागत क्षमता विकासमा थप गुणस्तर आउन सक्ने अपेक्षा गर्न सकिन्छ।